# खण्ड १

नेपाल सरकार
गृह मन्त्रालय

## नेपाल प्रहरी अस्पताल

महाराजगञ्ज, काठमाण्डौ

**<u>बिरामी रासन खरिद बन्दोबस्त सम्बन्धी सिलबन्दी वोलपत्र आव्हान</u>**

(प्र.प्र.का.आ.प्र.महाशाखाबाट गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०७४/०७/१६ गते)

नेपाल प्रहरी अस्पताल महारागञ्जमा उपचारार्थ बेड भर्ना हुने बिरामीका लागि २०७४ साल माघ १ गतेदेखि २०७५ साल पौष मसान्त सम्म वर्ष १ (एक) को निमित्त चाहिने निर्धारित स्केलबमोजिमको बिरामी रासनको खरिद बन्दोबस्त गर्नुपर्ने भएकोले बिरामीहरुलाई रासन खुवाउन ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रासन खरिद सिलबन्दी वोलपत्र पेश गर्नहुन वा E-bidding मार्फत् Bid गर्नुहुन सर्वसाधारणको जानकारीको लागि रासन खरिद बन्दोबस्त सम्बन्धी वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल :</u>

| सि.न. | बोलपत्र नं. | कार्य बिबरण | खरिद गर्ने स्थान | दर्ता गर्ने कार्यालय | बैंकको नाम /खाता नं. | बिडबण्ड रकम |
|---|---|---|---|---|---|---|
| १ | ०१ /०४/ (०७४/०७५) | दैनिक १५० शैयाको वार्षिक सङ्ख्या ५४,७५० का निमित्तचाहिने निर्धारित स्केलबमोजिमको बिरामी रासन आपूर्त्ति कार्य | नेपाल प्रहरी अस्पताल महाराजगञ्ज, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ र को.ले.नि.का. लैनचौर | नेपाल प्रहरी अस्पताल महाराजगञ्ज | राष्ट्रिय बाणिज्य बैंक ठमेल शाखामा रहेको कार्यालय कोड नं. २७-३१४-०९ को धरौटी खाता नं ११००२०३ | रु.४,५५,०००।- |

१. वोलपत्र फारम खरिद गर्न चाहने ईच्छुक नेपाली आपूर्त्तिकर्ताले नोटरी पब्लिकबाट प्रमाणित गरी आबश्यक कागजातहरु नेपाली नागरिकताको प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, ब्यबसाय दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र , आ.ब. २०७३/०७४को कर चुक्ता प्रमाणपत्र वा आ.ब. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र र आ.ब. २०७३/०७४को कर विवरण पेस गरेको कागजातहरुको प्रतिलिपि वा म्याद थपको प्रमाणीत प्रतिलीपी तथा लिखित आवेदनसहित दस्तुर रु. ३,००० (अक्षेरेपी रु तीन हजार) (फिर्ता नहुने गरी) यस कार्यालयको कोड नं. २७-३१४-०९ तथा राजश्व खाता नं. १-१-००१ बाट नेपाल सरकारको राजश्व शिर्षक नं. १४२२७ मा नगदै जम्मा गरेको दोश्रो प्रति सक्कल भौचर वा सम्बन्धित कार्यालयहरुमा नगदै जम्मा गरी सूचना प्रकाशित भएको मितिदेखि २०७४।०८।१६ गते कार्यालय समयसम्म जिल्ला प्रशासन कार्यालय काठमाण्डौ, श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौर र नेपाल प्रहरी अस्पताल महाराजगंज काठमाण्डौ आर्थिक प्रशासन शाखाबाट खरिद गर्नसकिने छ ।

२. बिरामी रासनतर्फको सिलबन्दी वोलपत्रहरु सूचना प्रकाशित भएकै दिनदेखि मिति २०७४ साल मंसीर १८ गते दिनको १२:०० वजेसम्म नेपाल प्रहरी अस्पताल आर्थिक प्रशासन शाखामा दर्ता गराई सक्नुपर्ने छ । दर्ता हुनआएका रीतपूर्वकका सिलवन्दी वोलपत्रहरु सोही दिनको १४:०० वजे यस अस्पतालमा बोलपत्र खोल्ने कार्यको लागि उपस्थित प्रतिनिधि, वोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थीत नभए पनि वोलपत्र खोल्न बाधा पर्नेछैन । वोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोलिने दिन कारणवस कुनै सार्वजनिक विदा परेमा सोको भोली पल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लिखित स्थान र समय भित्र वोलपत्र

दर्ता र खोलिने छ । पूर्व निर्धारित मितिमा कारणवश बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिने छ ।

३. बोलपत्र पेस गर्ने अन्तिम मिति र समय भुक्तान हुनु २४ घण्टा अघि बोलपत्रदाताले कार्यालयमा पेस गरेको बोलपत्र संशोधन वा सो फिर्ता लिन सिलवन्दी गरी लिखित सूचना दिनसक्ने छ । बोलपत्र दाताले यस्तो सूचना दिंदा बोलपत्रको बिषय, बोलपत्र पेस गरेको कार्यालय वा अधिकारीको नाम र ठेगाना बोलपत्र संशोधन गरिएको वा फिर्ता माग गरिएको र समयमा मात्र खोल्नु पर्ने ब्यहोराहरु सिलबन्दी खाम बाहिर लेखिएको हुनुपर्ने छ । बोलपत्र खोल्ने दिन र समयमा मात्र खोल्नुपर्ने ब्यहोराहरु सिलबन्दी खाम बाहिर लेखिएको हुनुपर्ने छ ।

४. बोलपत्र पेस गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक मिति २०७४ साल मंसीर ०६ गते बुधबार १४:०० बजे यस अस्पतालमा आयोजना गरिने छ । उक्त दिन उपस्थित हुन र सबै सम्भावित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराइन्छ ।

५. नेपाली नागरिकले पेस गरेको बोलपत्र मात्र मान्य हुने छ र बोलपत्र फारम भरी पेस गर्दा नेपाली नागरिकताको प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र , आ.ब. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र वा आ.ब. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र र आ.ब. २०७३/०७४ का कर विवरण पेस गरेको कागजातहरुको प्रतिलिपि वा म्याद थपको प्रमाणीत प्रतिलीपी र स्व:घोषणा पत्र अनिवार्य पेस गर्नुपर्ने छ ।

६. अन्य व्यवसायको लागि दर्ता भएको प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्मले खाद्य सामाग्री आपूर्तिको लागि पनि अनुमति थप भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा बोलपत्र फारमसाथ पेस गर्नुपर्ने छ ।

७. म्याद नाघी प्राप्त भएका बोलपत्र वा रीत नपुगेका बोलपत्रउपर कुनै कारबाही गरिने छैन । साथै सम्बन्धित कार्यालयबाट बिक्रीबितरण भएको बोलपत्र फारम मात्र मान्य हुने छ । एक व्यक्ति, फर्म, संस्था वा कम्पनिको नाममा खरिद गरेको बोलपत्र फारम अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनिको नामबाट दाखिला गर्न पाइने छैन ।

८. बोलपत्र साथ पेस गरिएको प्रतिलिपि कागजातहरु नोटरी पब्लीकबाट प्रमाणित गरि पेस गर्नुपर्ने र सोबाट सम्भव नभएमा आफैंले प्रमाणित गरि पेस गर्नुपर्ने छ । आफैंले प्रमाणित गरेकोमा रुजु गर्ने प्रयोजनको लागी सक्कल प्रति समेत पेश गर्नुपर्ने छ ।

९. बोलपत्रदाताले बोलपत्र सम्बन्धी कुनै पनि कागजातमा उल्लेखित शर्तहरुको प्रतिकुल हुनेगरी कुनैपनि शर्त थप गर्न पाइने छैन ।

१०. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले बोलपत्रमा भाग लिनपाउने छैनन् । कुनै बोलपत्रदाताले सार्वजनिक खरिद ऐन, खरिद सम्झौता तथा खरिद सम्बन्धी कागजातमा उल्लेख भएको दायित्व पालना नगरेमा त्यस्ता बोलपत्रदाताहरुलाई कालो सूचीमा राख्न सिफारिस गरिने छ ।

११. बोलपत्र पेस गर्दा बोलपत्र जमानतबापत बोलपत्रदाताले माथि उल्लिखित खातामा नगदै जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारको (क) श्रेणीको इजाजत प्राप्त बाणिज्य बैंकबाट नियमानुसार जारी भएको बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधी भन्दा ३० दिन बढी भएको हुनुपर्ने छ ।

१२. बोलपत्रको मान्य अवधी दाखिला गर्ने अन्तिम मितिबाट गणना हुने गरी ९० दिनको हुने छ ।

१३. बोलपत्रदाताले बोलपत्रसाथ रासन आपूर्ति सम्बन्धी काम गरेको अनुभव हासिल गरेका बोलपत्र दाताहरुले विगत ३ (तीन) आ.ब.हरु (२०७१/०७२ , २०७२/०७३ र २०७३/०७४) मध्ये कुनै एक आ.ब.मा कुनै सुरक्षा निकाय वा निजी संस्थामा सन्तोषजनक रुपमा रासन आपूर्ति गरेको वा गरिरहेको प्रमाण कागजातको प्रतिलिपि पेस गर्नुपर्ने र उक्त कार्यअनुभव गणना गर्दा बोलपत्रदाताले कबोल गरेको अंकको कम्तीमा ५० प्रतिसत हुनु पर्नेछ ।